म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८


म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- २० २०८१ मंसिर २१ गते शुक्रबार 6 December 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-




## कमल थापासँग पुस्तक वार्ता

# बीआरआई सम्झौता कार्यान्वयन हुन्नः थापा



पुस्तक वार्तामा सहभागी कलम थापा (बायाँ) र निमेष निखिल (दायाँ) ।

समाज संवाददाता

हेटौंडाः संघीय सरकारका पूर्वपरराष्ट्रमन्त्री कमल थापाले छिमेकी मुलुक चीनसँग भएको बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) सम्झौता कार्यान्वयन हुन नसक्ने बताउनुभएको छ। नेपालका प्रधानमन्त्री केपी शर्मा ओली छिमेकी मुलुक चीनको ४ दिने औपचारिक भ्रमण सकाएर विभिन्न सम्झौता गरेर फर्कंदै गर्नुहुँदा पूर्वपरराष्ट्रमन्त्री कमल थापाले प्रधानमन्त्रीले चीनसँगको सम्झौता कार्यान्वयन नहुने दावी गर्नुभएको हो ।

बिहीबार गृहनगर हेटौंडामा आफ्नो पुस्तक 'नाकाबन्दी र भूराजनीति' माथि वार्ता कार्यक्रममा सहभागी थापाले बीआर आईबाट मुलुकले लाभ लिनुपर्ने भए पनि कार्यान्वयन नै हुन नसक्ने जीकिर गर्नुभयो। चीनसँगको बीआरआई सम्झौताबाट मुलुकले लाभ लिनुपर्ने उहाँको भनाइ थियो । बीआरआई सम्झौताको विषय चिन्ता लिनुपर्ने विषय नभएको जीकिर गर्नुहुँदै अध्यक्ष थापाले भन्नुभयो, "बीआरआई सम्झौता स्वागत योग्य छ। तर यो कार्यान्वयन हुन्न । लगानीको मोडलका विषयमा काँग्रेस एमाले बीच नै मतभेद छ। अनेक अर्थ लाग्ने अस्पष्ट छ। चीन र नेपालबीच नै मतभेद छ।" थापाले प्रधानमन्त्रीको आग्रहमा प्रधानमन्त्रीको इज्जतका लागि चीन सम्झौता मात्रै भएको उहाँको भनाइ छ।

सन् १९५० को सन्धि पुनरावलोकन हुनुपर्नेमा पनि थापाले जोड दिनुभएको छ । 'छिमेकी मुलुक भारतसँग पनि युग सुहाउँदो नयाँ सन्धि जरुरी छ । १९५० को सन्दर्भ र आजको समय उही छैन', थापाले भन्नुभयो, थापाले भन्नुभयो, 'भारतसँगको सम्बन्ध र निर्भरताको विकल्प र मार्ग खोजी गर्नु जरूरी छ ।' आफैं परराष्ट्रमन्त्री भएका बेला चीनसँगको पारवाहन सन्धि सन्धिमा मात्रै सीमित भएको पनि थापाले औंल्याउनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालको राष्ट्रिय अध्यक्ष समेत रहनुभएका थापाले भारतसँगको सन्धि, सम्झौतामा पनि पुनरावलोकन जरुरी रहेको बताउनुभयो ।

भूराजनीतिका हिसाबले भारतले नेपाललाई बेलायती दृष्टिकोण प्रेरित जवाहरलाल नेहरूको दृष्टिकोणबाटै हेर्ने जीकिर गर्नुहुँदै थापाले भन्नुभयो, 'लामो समय नेपाल अन्तर्राष्ट्रिय समुदायमा सुरक्षा र परराष्ट्र नीति भारतबाटै निर्देशित थियो । मोदी पनि नेहरूकै पालाको दृष्टिकोणबाट नेपाललाई हेरिरहेको छ ।' गृहनगरमा कमल थापाको कृतिमाथिको विमर्शलाई साहित्यकार निमेष निखिलले सहजीकरण गर्नुभएको थियो । ३ पटक परराष्ट्रमन्त्री बन्नु भएका थापाले आफ्नो कृति आत्मकथा नभई सत्यमा आधारित वास्तविक विवरण भएको बताउनुभयो । संविधानसभाबाट संविधान जारी भएपछि भारतले गरेको नाकाबन्दी र त्यसकै सेरोफेरोमा नेपालको भूराजनीतिको तथ्यपरक विवरण प्रस्तुत भएको थापाको भनाइ छ। कुटनीति र परराष्ट्रका विद्यार्थीका लागि महत्वपूर्ण दस्तावेजको रुपमा आफ्नो पुस्तक उपयोगी र पठनीय हुने थापाको भनाइ छ ।

# २३ जना किशोरी आमा बने

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा कात्तिक महिनामा २३ जना किशोरी आमा बनेका छन् । २० वर्षभन्दा कम उमेर विवाह गर्नु/गराउनु नेपालको वर्तमान कानुनले दण्डनीय अपराध ठहऱ्याएको छ । तर, मकवानपुरमा उमेर नपुगी बालविवाह र किशोरीहरु आमा बन्ने क्रम भने रोकिएको छैन ।

हेटौंडा अस्पतालमा कात्तिक महिनामा मात्रै २ सय ९७ गर्भवतीले शिशुलाई जन्म दिँदा उमेर नपुगी २३ किशोरीले शिशुलाई जन्म दिएका छन् । हेटौंडा अस्पतालका मेडिकल सुपरभाइजर हरिश मल्लकाअनुसार एक सय ९७ सामान्य, ६ जटिल र ९४ गर्भवतीको शल्यक्रिया गरेर शिशुलाई जन्म दिइएको थियो । चालु आर्थिक वर्षको साउनमा मात्र २६ जना, भदौमा १९ जना र असोजमा १२ जना किशोरी आमा बनेका थिए ।

गरिबी र अशिक्षाका कारण मकवानपुरका ग्रामीण क्षेत्रमा अझै बालविवाह नरोकिएको उहाँको भनाई छ । मकवानपुरको विकट राक्सिराङ, कैलाश, इन्द्रसरोवर, मकवानपुरगढी, मनहरी, बैकया, बागमती गाउँपालिकासँगै हेटौंडा उपमहानगरपालिका समेतमा बालविवाहको हटस्पट हो । यस्तै हेटौंडा उपमहानगरभित्रका ग्रामीण वडामा पनि बालविवाह रोक्न सकिएको छैन ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# समृद्ध समाजका सम्पादकद्वारा महासंघमा उम्मेदवारी घोषणा



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाको अध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्नुभएको छ । सम्पादक श्रेष्ठले यही मंसीर २८ गतेका लागि तय भएको महासंघको निर्वाचनमा अध्यक्ष पदको उम्मेदवारी घोषणा गर्नुभएको हो ।

पटक-पटक मिति तय गरेर निर्वाचन हुन नसकेको सन्दर्भमा यसपटक निर्वाचनको वातावरण बन्दै गएकोले उम्मेदवारी घोषणा गरिएको सम्पादक श्रेष्ठको भनाइ छ । हेटौंडाबाट प्रसारण हुँदै आएको सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्जको स्टेशन म्यानेजर समेत रहनुभएका श्रेष्ठले महासंघको संस्थागत विकास, जिल्लामा सञ्चालित सञ्चार माध्यमहरुको व्यावसायिक अभ्यास, श्रमजीवी सञ्चारकर्मीको हकहित, सीप, दक्षता अभिवृद्धिका लागि महासंघमार्फत काम गर्ने योजनासहित उम्मेदवारी घोषणा गरेको बताउनुभएको छ।

हेटौंडास्थित मकवानपुर बहुमुखी क्याम्पसमा पत्रकारिता तथा आमसञ्चार विषयका सहायक प्राध्यापक श्रेष्ठले नेपाली समाजको समग्र क्षेत्रमा नकारात्मक अवस्था रहीरहेका बेला सञ्चार क्षेत्रले समाजका सबै क्षेत्रलाई सकारात्मक मार्गमा अभिप्रेरित गर्न सक्ने र मिडियाको व्यावसायिक अभ्यासमा उपयुक्त योजनासहित काम गर्ने योजना रहेको स्पष्ट पार्नुभयो । 'हामीले सञ्चार माध्यमको संख्यात्मक विकासमा मात्रै ध्यान दियौं । गुणात्मक विकासका लागि नेपाल पत्रकार महासंघमार्फत प्रभावकारी योजना कार्यान्वयन गरेर श्रमजीवी पत्रकार, सञ्चारगृहलाई सशक्त बनाउने र समाजले गुणस्तरीय र विश्वसनीय सूचना प्राप्त गर्ने अवस्थाको सुनिश्चितता जरुरी रहेको औंल्याउनुभयो ।

'सञ्चार माध्यमको संख्यासँगै गुण अभिवृद्धिमा पनि काम गर्न सक्नुपर्ने थियो । त्यसो हुन नसक्दा यतिबेला सञ्चारगृहहरु धरासायी भएका छन्', श्रेष्ठले भन्नुभयो, 'अहिले पनि सञ्चार गृहको गुणात्मक विकास गर्दै श्रमजीवी सञ्चारकर्मीको पेशागत हित र व्यावसायिक भविष्य सुनिश्चित गर्न महासंघमार्फत उपयुक्त काम गर्न सकिन्छ। त्यसकै लागि मेरो उम्मेदवारी हो ।' स्वतन्त्र पत्रकार संघको केन्द्रीय समिति उपमहासचिव समेत रहनुभएका श्रेष्ठले सबैको साथ, सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

'सञ्चारगृह सवल बन्ने/बनाउने सन्दर्भमा सञ्चारगृहका सञ्चालक र सञ्चारकर्मीबीच मतभेद, अविश्वासका कारण सञ्चारगृह र सञ्चारकर्मी दुबै दूर्वल अवस्थामा छ', सम्पादक श्रेष्ठले भन्नुभयो, 'यतिबेला सञ्चार माध्यममार्फत प्रकाशन, प्रसारण हुने सूचनामाथि आम नागरिकको अविश्वास छ । आगामी दिनमा सञ्चारमाध्यमबाट प्रकाशन, प्रसारण हुने सूचना आम नागरिकले ढुक्क भएर पढ्ने, सुन्ने, हेर्ने अवस्था निर्माण गर्नु जरुरी छ ।'

# लायन्सको क्याबिनेट बैठक हेटौंडामा हुँदै

समाज संवाददाता

हेटौंडाः सामाजिक सेवाका लागि स्थापित अन्तर्राष्ट्रिय संस्था लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालको क्याबिनेट बैठक पर्सी शनिबार हेटौंडामा बस्ने भएको छ। लायन्स क्लबको डिष्ट्रिक्ट बैठक हरेक ३ महिनामा बस्ने गरेको छ। मकवानपुरसहित काठमाडौं, ललितपुर, बारा र पर्सा जिल्लाका लायन्स क्लबहरुको छाता संस्था लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालको गभर्नर हेटौंडाकै टासी डोल्मा तुङ्बाहाम्फे हुनुहुन्छ ।

नियमित बैठकको रुपमा लायन्स इन्टरनेशनलले पछिल्लो तीन महिनाको कामको समीक्षा गर्नुका साथै आगामी तीन महिनाको योजना तय गर्ने लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालका जनसम्पर्क प्रमुख जेपी यादवले जानकारी दिनुभयो। लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालमा मकवानपुरसहित ५ जिल्लाका १ सय १९ वटा लायन्स क्लबमा २ हजार २ सय भन्दा बढी सदस्य छन् । हेटौंडामा क्याबिनेट बैठकको स्थानीय आयोजकको रुपमा एरिया-२ रहेको यादवले बताउनुभयो। एरिया-२ को संयोजक यादव नै हुनुहुन्छ ।

क्याबिनेट बैठकअघि शुक्रबार प्रि-क्याबिनेट बैठक हुने उहाँले बताउनुभएको छ । क्याबिनेट बैठकको तयारी अन्तिम चरणमा रहेको र ४ जिल्लाबाट आउने लायन्स क्लबका पदाधिकारी, सदस्यहरुलाई मकवानपुरका पर्यटकीय क्षेत्रको भ्रमण समेत गराइने यादवले बताउनुभएको छ । पछिल्लो ३ महिनामा लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपाल माहतका क्लबहरुले गत असोज १०, ११ र १२ गतेको वर्षाका कारण बाढीपहिरो पीडितलाई राहत वितरणमा उल्लेखनीय कार्य गरेको बताइएको छ ।

## शिक्षक आवश्यकता


*(प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०८/१९)*

हेटौंडा-८, कमानेस्थित यस कमाने एकेडेमीका लागि कक्षा-१ मा ग्रेड शिक्षण गर्न सक्ने शिक्षक आवश्यक भएकोले इच्छुक योग्य नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवेदन दिनुहुन जानकारी गराइन्छ ।

पदः ग्रेड शिक्षक (कक्षा-१)
संख्याः १ (एक) जना ।
शैक्षिक योग्यताः कक्षा-१२ उत्तीर्ण । माथिल्लो तहका उम्मेदवारलाई ग्राह्यता दिइनेछ ।
आवेदन दिने अन्तिम मितिः २०८१/०८/२५
सम्पर्क मितिः २०८१/०८/२६
परीक्षाको किसिमः लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
अनुभवः ३ वर्षको कार्यानुभव हुनुपर्नेछ ।
सेवा/सुविधाः विद्यालयको नियमानुसार ।
अंग्रेजी भाषामा राम्रो दख्खल भएको, बालमैत्री र मिहिनेती हुनुपर्नेछ ।

**आवश्यक कागजातः**
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
- तालिम तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।
- हस्तलिखित आवेदन अंग्रेजी भाषामा ।

**प्रिन्सीपल**
**कमाने एकेडेमी**
**हेटौंडा-८, कमाने, ०५७-४१२९७७**



## सम्पादकीय

# प्रदेश संरचनाको समीक्षा गरौं

नेपालको राजनीतिक इतिहासमा संघीय संरचनाको अभ्यास नौलो हो । लामो समय संविधानसभाबाट संविधानको माग गर्दै आएका राजनीतिक नेतृत्वले दोस्रो संविधानसभामार्फत २०७२ साल असोज ३ मा संविधान जारी गर्न सफल भयो । संविधानसभाबाट संविधान जारी गर्ने सन्दर्भ असाध्यै संवेदनशील र जटिल परिस्थिति थियो । २०७२ बैशाख १२ गतेको महाभूकम्पपछि मुलुकले गम्भीर क्षति व्यहोरेको थियो भने संविधानसभामार्फत संविधान जारी गर्ने क्रममा छिमेकी मुलुक भारतको बेखुसीको परिणाम नेपालले भारतीय नाकाबन्दीको सामना गर्नुपरेको थियो । संविधानसभामार्फत संविधान निर्माणको घोषणासँगै १० वर्षे सशस्त्र द्वन्द्व शान्तिपूर्ण राजनीतिमा अवतरित हुने सुनिश्चितताले आम नागरिकमा आशा पलाएको थियो भने संविधानसभामार्फत संविधान जारी हुँदै गर्दा आम नागरिकमा ठूलो परिवर्तनको अपेक्षा थियो । तर, संविधानसभाबाट संविधान जारी भएको एक दशक पुग्नै लाग्दा संविधानले परिकल्पना गरेको महत्वपूर्ण संरचनाको रुपमा प्रदेश संरचनाको विषय भने पेचिलो बन्दै गएको छ ।

संघीयताको ढाँचामा प्रदेश संरचनाको औचित्यमाथि पछिल्लो समय जटिल प्रश्नहरु खडा भएका छन् । प्रदेश संरचनाले नागरिकमा सकारात्मक परिवर्तनको सञ्चार हुन सकेको छैन ऋण मागेर चल्नुपर्ने मुलुकको आर्थिक अवस्थाका बीच प्रदेशका खर्चहरु अस्वभाविक र अनावश्यक भएको भन्ने व्यापक चर्चा छ । राम्रो, औषत या खराब जस्तो सुकै अवस्थामा पनि एउटा निश्चित समयपछि हरेक विषयको समीक्षा जरुरी छ । यतिबेला संघीय संरचना स्थापित भएको एक दशक हुँदै गर्दा यसका कमिकमजोरी, सवल पक्ष, अगामी अवसरको सन्दर्भलाई लिएर सुक्ष्म समीक्षा गर्दै आवश्यक सुधार गरेर अगाडि बढ्नु उचित हुनेछ । बागमती प्रदेशको सन्दर्भमा विभिन्न किसिमका बोर्डहरुको परिकल्पना गरिएको छ । ती संरचनाहरुमा सरकारले कार्यकर्ता नियुक्ति गर्ने, आवश्यक कर्मचारी व्यवस्थापन गर्दै आएको छ । कार्यालय व्यवस्थापनका लागि पनि करोडौं रुपैयाँ खर्च भएका छन् भने त्यसको नियमित सञ्चालन र व्यवस्थापनमा ठूलो रकम खर्च भइरहेको छ । तर, त्यसको लाभ नागरिकले महसुस गर्न सकेका छैनन् ।

समग्रमा प्रदेश सरकारकै काम, कारवाही, सवल, दूर्वल पक्ष र आवश्यक सुधारका साथै सम्भावनाका विषयमा उदार भएर काम गर्नु जरुरी छ । यसमा अरु कुनै पक्षले नभई प्रदेश सरकार स्वयम्ले स्वमूल्यांकन गर्ने गरी सरोकारवालाको सहभागितामा समीक्षा गर्नेतर्फ ध्यान जानुपर्छ । विज्ञ र सरोकारवालासँग बसेर प्रदेश सरकार, प्रदेश सभाका सदस्य, पदाधिकारी, उच्च तहका कर्मचारीले समीक्षाको आँट गर्ने हो भने यतिबेलासम्मका अनुभवका आधारमा धेरै सुधार गरेर जान सकिन्छ । यतिबेला देखिएका आलोचनाहरुलाई सम्बोधन गरेर जान सकिन्छ । आगामी निश्चित समयमा प्रदेशलाई उपयोगी, प्रदेशवासीले धन्यवाद भन्न सक्ने र प्रदेशको आवश्यकतालाई महसुस गर्ने गरी काम गर्न पनि सकिन्छ । तसर्थ राजनीतिक नेतृत्व, विज्ञ समूह, प्रदेश सरकारले यसलाई सकारात्मक रुपमा लिएर अगाडि बढ्नु उपयुक्त हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : तर्क–वितर्क र छलफलका काममा सरिक भइने योग छ ।
**वृष** : आत्मसंयमी र गम्भीर बनिने समय योग देखिन्छ ।
**मिथुन** : प्राविधिक क्षेत्रका काममा मन सरिक हुने योग छ ।
**कर्कट** : प्रशासनिक काममा समय व्यतित हुने समय योग छ ।
**सिंह** : विलासिताका सामग्रीको खरिदमा समय बित्ला ।
**कन्या** : परीक्षा र प्रतियोगिताका काममा सरिक भइने योग छ ।
**तुला** : महत्वकांक्षा र अदम्य साहस बढ्ने समय छ ।
**वृश्चिक** : मन अस्थिर र काँतर बन्ने समय योग छ ।
**धनु** : बन्धुबान्धवहरुले काममा सहयोग पुऱ्याउँने छन् ।
**मकर** : व्यापार–व्यवसाय मध्यम फलदायी होला ।
**कुम्भ** : सामाजिक र परोपकारी काममा समय बित्ला ।
**मीन** : रिस्क र जोखिमका कामबाट टाढा बस्दा राम्रो ।

## नेपाली समाजमा समावेशिता

# पहुँचयुक्त संरचना र सोंचको खाँचो



✍ दीपक न्यौपाने (दीप)

नेपाली समाज विविधताले भरिपूर्ण छ । फरक व्यक्तिगत अवस्था, सामाजिक मूल्यमान्यता, रीतिरिवाज, चालचलन, भेषभूषा, परम्परा, जातजाति, धर्म आदिको बाबजुद सौहार्दपूर्ण भातृत्वमा बाँधिएको छ । तर अझै पनि अपाङ्गताको सामना गरिरहेका व्यक्तिहरूले समान अवसर र अर्थपूर्ण सहभागिता प्राप्त गर्न संघर्ष गरिरहेका छन् ।

२०७८ सालको जनगणनाका अनुसार, नेपालमा करिब ७ लाख मानिसहरूले कुनै न कुनै प्रकारको अपाङ्गताको सामना गरिरहेका छन् । यीमध्ये मात्र ५० प्रतिशतले आफ्नो आधारभूत सेवा पाउने गर्छन् । पहुँचयुक्त वातावरण नहुनु, स्रोत व्यवस्थापनमा कमी, विद्यमान ऐन, नीति, निर्देशिकाको प्रभावकारी तथा चुस्तदुरुस्त अनुगमन पद्धति र कार्यान्वयनको अभाव, सेवा प्रदायकहरूलाई तालिम र शिक्षासँगै आम मानिसमा यस बारे पर्याप्त सचेतना छैन । फलतः लाञ्छनायुक्त सामाजिक व्यवहारहरूले गर्दा अपाङ्गता भएका व्यक्तिहरु अझै पनि आधारभूत सेवा र सामाजिक समावेशीकरणबाट टाढा रहनुपरेको छ ।

तसर्थ माथिका कारणहरुको निराकरण गर्न जसको सवाल उसैको नेतृत्वको भावलाई समेत अनुसरण गर्दै पहुँचयुक्त वातावरणको सिर्जना, समावेशीकरण र दिगो विकासका लागि सबैको सकारात्मक सोच र प्रभावकारी भूमिका जरुरी छ ।

अपाङ्गताको विविधता र व्यवस्थापनका बहुआयामिक पक्षहरु फरक फरक भूगोलहरूमा फरक दृष्टिकोणबाट हेर्ने गरिन्छ । अपाङ्गता व्यवस्थापनका विभिन्न आयामहरूको विकास पछिल्लो केही दशकदेखि तीव्र बढ्दै गइरहेता पनि मानवअधिकारको विश्वव्यापी घोषणपत्र १९४८ देखिनै अपाङ्गता भएका व्यक्तिहरुलाई समाजले स्वीकार गर्न थालेको पाइन्छ ।

सन् १९७१ मा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी घोषणापत्र, १९८२ मा अपाङ्गता कार्ययोजना र सन् १९८३ देखि १९९२ अवधिलाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दशकको रूपमा मनाउने घोषणा तथा सन् १९९३ मा संयुक्त राष्ट्रसंघले 'अवसर समानीकरण सम्बन्धी प्रमाणिक नियमहरु' लागु गऱ्यो जसले पहिलोपटक अपाङ्गतालाई विकासको सबैखाले सवालसँग जोड्दै उनीहरूलाई विकासको अभिन्न साझेदारको रूपमा लिइयो ।

त्यस्तै एशिया प्याशिफिक क्षेत्रको लागि आर्थिक तथा सामाजिक आयोगले सन् १९९३ देखि २००२ सम्मका लागि नीति तथा कार्यक्रमसहित अपाङ्गता सम्बन्धी पहिलो क्षेत्रीय दशकको रूपमा घोषणा गऱ्यो जसले अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण, पहुँचयुक्तता र अधिकारमा आधारित समाज विकासमा महत्वपूर्ण कोसेढुङ्गाको रूपमा सावित भयो ।

त्यस्तै, सन् २००६ मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, इन्चियोन रणनीति, सहश्राब्दी विकास लक्ष्य, अधिकारमा आधारित अवधारणाहरू लगायत विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले अपाङ्गता व्यवस्थापनका आयामहरूमा थप व्यापकता ल्याएको छ ।

नेपालको सन्दर्भमा, २०३९ सालमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन मार्फत एसिया प्रशान्त क्षेत्रमा पहिलोपटक अपाङ्गता भएका व्यक्तिहरूलाई वञ्चित समूहको रुपमा पहिचान तथा उनीहरुको सवाललाई संबोधन गर्ने महत्वपूर्ण प्रयास गरेको पाइन्छ ।

त्यस्तै २०५१ मा अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य उपचार र पुर्नस्थापनालाई अतिआश्यक सेवाका रूपमा समावेश गरेको पाइन्छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, इन्चियोन रणनीति, सहश्राब्दी विकास लक्ष्य, अधिकारमा आधारित अवधारणाहरू लगायत अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू विभिन्न कालखण्डमा अनुमोदन गरी त्यसको कार्यन्वयनको लागि सरकारको आवधिक योजनाहरूमा समेटिएको छ ।

नेपालको संविधान २०७२ ले अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष कानुन व्यवस्था गरी उनीहरुको सवाल प्राथमिकताको साथ सम्बोधन गर्नेगरी छुट्टै ऐनको परिकल्पना गरे बमोजिम २०७४ मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७७ मा नियमावली, अपाङ्गता भएका व्यक्ति सम्बन्धी राष्ट्रिय नीति निर्माण तथा कार्यान्वयन भइरहेको छ ।

त्यसैगरी अपाङ्गता दिगो व्यवस्थापनका लागि विभिन्न कार्यविधि, निर्देशिका, अपाङ्गता न्यूनीकरणका लागि आवधिक योजनाहरू लगायतका थुप्रै कानुनी तथा कार्यक्रमगत प्रयासहरु भएको भएता पनि राज्यको तहगत तथा संस्थागत समन्वय र अनुगमनमा कमी, अधिकांश स्थानीय स्तरमा विज्ञ व्यक्तिहरू नहून्, राज्यको हरेक तहका नीति तथा कार्यक्रमहरूमा अपाङ्गताको सवालहरू ओझेलमा पर्नु आदिले विद्यमान ऐन, नीति तथा कार्यक्रमहरुको घरेलुकरण र कार्यान्वयन अझै पनि प्रभावकारी र नतिजामुखी हुनसकेको छैन ।

माथिका अधिकांश प्रयासहरूको सुत्रपात, घरेलुकरण र कार्यान्वयनको लागि सामाजिक संस्थाहरूको प्रयास महत्वपूर्ण र प्रभावकारी रहेको पाइन्छ । खासगरी राष्ट्रिय अपाङ्ग महासंघ नेपाल एउटा छाता संगठनको रुपमा अपाङ्गताको हकहित, संरक्षण र सम्वर्द्धन तथा अपाङ्गताको दिगो व्यवस्थापनका लागि काम गर्दै आइरहेको छ ।

इन्टरनेशलन नेपाल फेलोसिप (आईएनएफ) नेपालले कुष्ठप्रभावित तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सघाउन सर्वाङ्गिण विकास र समावेशीताको क्षेत्रमा विगत ७२ वर्षदेखि अनवरत कार्य गर्दै आइरहेको छ। त्यस्तै अपाङ्गता भएका व्यक्तिहरूको संगठन तथा संस्था र अन्य विभिन्न दर्जनौं संघसंस्थाहरू कानुनी प्रावधान तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन राज्य तथा सम्बन्धित निकायहरू र अन्य दातृनिकायहरूसँग साझेदारी तथा समन्वयमा अपाङ्गता दिगो व्यवस्थापनको लागि काम गर्दै आइरहेका छन् ।

नेपालमा समाज विकासका थुप्रै आयामहरूमध्ये अपाङ्गता व्यवस्थापन अवधारणा तीव्रगतिमा फड्को मारेको भएता पनि देश र व्यक्तिको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक अवस्थाहरूको उतारचढाव तथा राज्यका सबै तहहरू बराबर जिम्मेवार र जानकार नभई अपाङ्गताको सवालहरू प्राथमिकतामा नपर्दा आशातित उपलब्धीहरू प्राप्त गर्न सकिएको छैन ।

राज्य तथा सम्बन्धित निकायहरूले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको साझेदारीमा अपाङ्गता दिगो व्यवस्थापनका लागि स्पष्ट खाका र सोही अनुसार नीति तथा कार्यक्रम विकास र परिमार्जन गरी जिम्मेवार ढङ्गले चुस्तदुरुस्त कार्यन्वयन गर्नू गराउनु टड्कारो आवश्यक्ता देखिएको छ ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तर सुधारका लागि सबैको सहकार्य आवश्यक छ । राज्यले नीति निर्माण र कार्यन्वयनमा स्पष्ट दृष्टिकोण अपनाउनु पर्छ । निजी क्षेत्र, संघसंस्था र समुदायले पनि सामाजिक समावेशितामा योगदान पुऱ्याउन जरुरी छ ।

समावेशी समाज मात्र समानता र न्यायको आधार हो । अब हामी सबै मिलेर यस्तो समाज निर्माण गर्ने समय आएको छ । समावेशिता भनेको मानवअधिकार मात्र हैन, यो सामाजिक जिम्मेवारी र सकारात्मक रूपान्तरणका लागि अनिवार्य आवश्यकता पनि हो ।

*(लेखक हाल आईएनएफ नेपालको अपाङ्गता प्राविधिक अधिकृत हुन् । स्रोतः अनलाईनखबर)*

# सबै विवरण छातीमा टाँसेर अभियुक्त सार्वजनिक गर्नु कानुनसम्मत होइन

कुनै पनि कसुरको अनुसन्धानका लागि हामीकहाँ पक्राउ प्रक्रिया दुई खालका छन्– १) जरुरी पक्राउ पुर्जी । २) पक्राउ गर्न अदालतको अनुमति ।

पक्राउ गरेर अदालतमा समर्थन गर्न लैजाँदा अनुसन्धान फाइलमै पक्राउ पर्नुको कारण र पक्राउ परेको व्यक्तिमाथि लागेको आरोप खुलाउनुपर्छ ।

कुनै व्यक्तिलाई पक्राउ गर्न अदालतबाट अनुमति लिइएको छ भने पनि पक्राउ नपरेसम्म सार्वजनिक गर्न नपाइने व्यवस्था छ । फलानोलाई हामीले पक्राउ पुर्जी जारी गरेका छौं भनियो भने आफू पक्राउ पर्दै छु भन्ने थाहा पाएर व्यक्ति भाग्न सक्छ । त्यस कारण पक्राउ नपरेसम्म पक्राउ पुर्जीको विषय गोप्य राख्नुपर्छ भन्ने कानुनी व्यवस्था छ ।

पक्राउ गरेपछि यो कसुरमा हामीले यसरी यो व्यक्तिलाई पक्राउ गरेका छौं भन्नेसम्मको सूचना दिन कानुनी व्यवस्थाले धेरै बाधा गर्दैन । व्यक्तिको गोपनीयतासम्बन्धी ऐनले अनुसन्धानका सिलसिलामा सबै विवरण छातीमा टाँसेर अभियुक्तलाई सार्वजनिक गर्न दिँदैन । तर कुन व्यक्ति कुन आरोपमा पक्राउ परेको छ भनी प्रहरीले आफ्नो सूचना वा वेबसाइटमा राख्नलाई ऐनले बाधा गर्दैन । त्यसको अर्थ के भने पक्राउ परेका व्यक्तिका आफन्तलाई थाहा हुनुपर्छ कि ऊ कुन कसुरमा पक्राउ परेको र कुन हिरासतमा छ भन्ने ।



अभियोगपत्र जाहेर नगर्दासम्म पक्राउ परेको मान्छेलाई देखाउनै हुन्न अथवा पक्रेको सूचना कसैलाई दिनै हुन्न भन्ने होइन । त्यो दिनुको अर्थ पक्राउ गर्ने अधिकारी वा निकायलाई पनि जिम्मेवार बनाउनु हो ।



सञ्जीवराज रेग्मी

अभियोगपत्र जाहेर नगर्दासम्म पक्राउ परेको मान्छेलाई देखाउनै हुन्न अथवा पक्रेको सूचना कसैलाई दिनै हुन्न भन्ने होइन । त्यो दिनुको अर्थ पक्राउ गर्ने अधिकारी वा निकायलाई पनि जिम्मेवार बनाउनु हो । कसरी राखेको छ हिरासतमा, भेटघाट गर्न दिएको छ कि छैन, कानुन व्यवसायीसँग परामर्श गर्न दिएको छ कि छैन, उसलाई मानवोचित व्यवहार गरिएको छ कि छैन– यी विषय पनि नागरिकका अधिकारभित्र पर्छन् । यसलाई सन्तुलनमा राख्नुपर्ने हुन्छ । पक्राउ गरेको व्यक्ति को हो, कहाँ बस्ने हो भन्ने कुरा जानकारी दिनैपर्छ । जानकारी दिनुको अर्थ व्यक्तिको सुरक्षासँग पनि जोडिन्छ ।

मुलुकी अपराध कार्यविधि संहिता आउनुभन्दा अघि जस्तो लाग्छ, पक्राउ गर्नेबित्तिकै अभियुक्तलाई दोषी करार भएजस्तो प्रतिवादी भनेर सार्वजनिक नगर्न सर्वोच्चले आदेश जारी गरेको थियो । त्यसो गर्दा उसको वैयक्तिक हकको हनन हुने आदेशमा उल्लेख थियो ।

मलाई लाग्छ, त्यही कन्टेक्स्टमा अहिलेको संहिता र वैयक्तिक गोपनीयतासम्बन्धी कानुन बनेको हुनाले अनुसन्धान अधिकारीले पक्राउ गरेको सूचना सम्बन्धित व्यक्तिको आफन्तलाई दिनैपर्छ । यो कसुरमा फलानो व्यक्तिलाई यो आरोपमा पक्राउ गरिएको छ भन्ने कुरा नोटिस गर्नसम्म मिल्ने अवस्था छ । उसलाई दोषी करार जत्तिकै गर्न चाहिँ संविधान र कानुनले निषेध गर्छ ।

दोषी प्रमाणित गर्ने अधिकार अदालतलाई मात्र छ । त्यसकारण प्रहरीको अनुसन्धानमा रहँदा (९० दिनसम्म) र सरकारी वकिल कार्यालयले आरोपपत्र अदालतमा लैजानेबित्तिकै ऊ दोषी भइहाल्दैन । प्रमाण परीक्षण भएर अदालतले बहस गरेर अझ अन्तिम तहको अदालतबाट दोषी भए मात्र हो । अन्यथा ऊ निर्दोष हो भन्ने मान्ने संवैधानिक व्यवस्था छ । त्यही संविधानको स्प्रिटमा कानुन बनेका हुन् ।

अलि अगाडिसम्म धेरैजसो प्रहरीले पक्राउ गर्नेबित्तिकै पत्रकार सम्मेलन गरेर अभियुक्तको छातीमै विवरण टाँसेर सार्वजनिक गर्ने गर्थे । यसलाई अहिले वैयक्तिक गोपनीयता ऐनको दफा १७ ले केही रोकेको छ ।

मानिलिउँ, काठमाडौं प्रहरीले कुनै केसमा कुनै मान्छेलाई पक्राउ गऱ्यो– रेपमा होला, मर्डरमा होला, अपहरणमा

...बाँकी पृष्ठ ३ मा

# लोकनृत्यमा द्वितीय हुने विद्यार्थी विद्यालयमा पुरस्कृत

समाज संवाददाता

हेटौंडाः निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को आयोजनामा भएको बागमती प्रदेशस्तरीय लोकनृत्य प्रतियोगिता-२०८१ मा द्वितीय हुन सफल हेटौंडा-५, सानोपोखरास्थित रिलायन्स बोर्डिङ स्कुलका विद्यार्थीलाई विद्यालयले पुरस्कृत गरेको छ। बिहीबार बिहान विद्यालयको प्रार्थना समयमा प्रदेशस्तरीय नृत्य प्रतियोगितामा द्वितीय हुन सफल विद्यार्थीलाई विद्यालयका संस्थापक प्रिन्सीपल केशवलाल श्रेष्ठले विद्यार्थीलाई शिल्ड, मेडल तथा प्रमाणपत्र हस्तान्तरण गर्नुभयो।

जिल्लास्तरीय छनोट प्रतियोगितामा उत्कृष्ट तीनमा रहँदै रिलायन्स बोर्डिङ स्कूलका विद्यार्थी प्रदेशस्तरीय प्रतियोगितामा सहभागी भएका थिए। नृत्य प्रतियोगितामा अंकिता लामा, युनिसा बर्तौला, युनिसा श्रेष्ठ, सुधा लामा, श्रीसुधा गिरी, सगुन लामा, स्वेच्छा लो, एन्जिला पाखिन, मायुसा लामा, सिम्रन लो, जिना केसी, एनिमा गुरुङ, युना खड्का र सुविन महर्जनको समूह द्वितीय हुन सफल भएका हुन्। गत सोमबार काठमाडौंमा भएको बागमती प्रदेशस्तरीय प्रतियोगितामा ३१ वटा विद्यालयको सहभागिता रहेको थियो।

रिलायन्स बोर्डिङ स्कुलकी सहायक प्रिन्सीपल अनुजा झाको अध्यक्षता तथा विद्यालयका संस्थापक प्रिन्सीपल श्रेष्ठको प्रमुख आतिथ्यमा विद्यार्थीलाई पुरस्कृत गर्ने कार्यक्रम भएको हो। श्रेष्ठ प्याब्सन बागमती प्रदेश समितिको अध्यक्ष समेत हुनुहुन्छ। कार्यक्रममा रिलायन्स बोर्डिङ स्कुलका प्रिन्सीपल दिनेश सुवेदी, विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष रितु श्रेष्ठ लगायतको उपस्थिति थियो। जिल्लास्तरीय प्रतियोगितामा उत्कृष्ट हुन सफल हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-१८ स्थित मकवानपुर बालविद्या सदनका विद्यार्थीको समूह पनि प्रदेशस्तरीय प्रतियोगितामा सहभागी भएका थिए।

# २ सय जनाको आँखा शल्यक्रिया गरिँदै


हेटौंडा-३ मा आँखा परीक्षण शिविरमा सहभागीहरु ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा सामुदायिक आँखा अस्पतालले मोतिबिन्दु भएका २ सय जना मानिसको शल्यक्रिया गर्दैछ। आँखा शिविर कार्यक्रममा आँखा परीक्षण गराउँदा मोतिबिन्दु देखिएका व्यक्तिहरुको निशुल्क आँखा शल्यक्रिया गर्न लागिएको हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो।

अस्पतालले गत सोमबारदेखि आँखा शिविर कार्यक्रम आयोजना गरिएको थियो। छुट्टाछुट्टै ठाउँमा बुधबार र बिहीबार आयोजित शिविरमा आँखा परीक्षण गराएका ७५ जनामा मोतिबिन्दु भएको भेटिएको छ। बुधबार मकवानपुरको बागमती गाउँपालिकामा दुई छुट्टाछुट्टै ठाउँमा आयोजना गरिएको आँखा शिविरमा ४० जनामा मोतिबिन्दु भेटिएको छ। राईगाउँ र फापरबारीमा आयोजना गरिएको कार्यक्रममा ३ सय २८ जनाले आँखा परीक्षण गरेका छन्। राईगाउँमा एक सय ३३ जनाको आँखा परीक्षण गर्दा १० जनामा मोतिबिन्दु भएको भेटिएका हुन्। फापरबारीमा एक सय ९५ जनाको आँखा परीक्षण गर्दा ३० जनामा मोतिबिन्दु भएको भेटिएका छन्।

यस्तै बिहीबार हेटौंडा-३, नम्बर वडा कार्यालयको प्राङ्गनमा आयोजित शिविरमा ४ सय एक जनाले आँखा परीक्षण गराउँदा २७ जनामा मोतिबिन्दु भएको भेटिएको छ। सोही दिन मनहरीमा आयोजित शिविरमा एक सय ३० जनाले आँखा परीक्षण गराउँदा ८ जनामा मोतिबिन्दु भएको भेटिएको छ। मकवानपुर, बारा, सिन्धुलीमा आँखा शिविर आयोजना गरिएको थियो। जसमा एक हजार १५ जनाले आँखा परीक्षण गराएका छन्। बिहीबार आँखा शिविर समापनसँगै शुक्रबार र शनिबार मोतिबिन्दु भेटिएका २ जनाको आँखा शल्यक्रिया गर्न लागेको व्यवस्थापक श्रेष्ठले जानकारी दिनुभयो।

# तरकारीको मूल्यमा सामान्य घटबढ

समाज संवाददाता

हेटौंडाः हेटौंडास्थित थोक तरकारी बजारमा बिहीबार तरकारीको मूल्य स्थीर रहेको छ। केही तरकारी जिल्लाभित्रकै उत्पादन र केही बाहिरी जिल्लाबाट आयात भइरहेको व्यवसायीको भनाइ छ। बिहीबार हेटौंडास्थित थोक तरकारी बजारमा सबैभन्दा सस्तो तरकारीको रुपमा रायोको साग र स्कुस रहेको छ भने महँगो तरकारीमा केराउकोसा र लसुन साग रहेको छ।

थोक व्यवसायी बद्रि घिमिरेका अनुसार बिहीबार साग प्रतिमुठा २० रुपैयाँ र स्कुस प्रतिकिलो २० रुपैयाँमा बिक्री भएको छ भने केराउकोसा र लसुन साग प्रतिकिलो एक सय ५० रुपैयाँमा बिक्री भएको छ। प्रतिकिलो काउली ९० रुपैयाँ,



बन्दा ५० रुपैयाँ, गोलभँडा ११० रुपैयाँ, घिउसिमी ९० रुपैयाँ, घरसिमी एक सय रुपैयाँ, तितेकरेला १०० रुपैयाँ, मुला ५० रुपैयाँमा बिक्री भएको छ।

स्थानीय तरकारी उत्पादन कमि हुँदा बाहिरबाट तरकारी ल्याउनु पर्ने कारण नै हेटौंडामा तरकारीको भाउमा सामान्य मात्रामै घटबढ भइरहेको व्यवसायी घिमिरेले जानकारी दिनुभयो। कार्डिनल आलु ६५ र रातो डल्लो आलु ६६ रुपैयाँमा बिक्री भएको छ। यस्तै प्रतिकिलो लौका ५० रुपैयाँ, खुर्सानी ६० रुपैयाँ, धनियाँ १०० रुपैयाँ, हरियो प्याज साग ७० रुपैयाँ प्रतिकेजी बिक्री भएको छ। यस्तै पाकेको फर्सी ५० रुपैयाँ, हरियो फर्सी ८० रुपैयाँ गाँजर १२० रुपैयाँ, मकै बोडी ७० रुपैयाँ, बरेला ५० रुपैयाँ, कागती २२० रुपैयाँ, काक्रो ७० रुपैयाँ, भन्टा ५० रुपैयाँ, भिडे खुर्सानी डल्लो ८० रुपैयाँ र लाम्चो ८०, भिन्डी १२० रुपैयाँ किलोमा बिक्री भएको घिमिरेले बताउनुभयो।

## सबै विवरण...

होला। यो केसमा हामीले पक्राउ गरेका छौं र हिरासतमा यहाँ राखेका छौं भन्ने जानकारी दिनैपर्छ। अपराध पीडित संरक्षण ऐन अनुसार पनि पीडितले जानकारी पाउनुपर्छ। अभियुक्तले आफन्त वा उसको परिवार र वकिललाई जानकारी दिने कुरा झनै उसको अधिकार हो। पछिल्ला दिनमा अनुसन्धान गर्ने निकाय यो कानुनी व्यवस्थामा बढी सजग भएको जस्तो लाग्छ मलाई।

अहिले वेबसाइटमै यहाँहरुले हेर्नुभयो भने 'फलानो मुद्दामा फलानो व्यक्तिलाई पक्राउ गरिएको छ' भन्ने पाउन सक्नुहुन्छ। प्रहरीको सञ्चार तथा हेडक्वार्टरको सूचनामा 'यो व्यक्तिलाई यो आरोपमा पक्राउ गरिएको छ, नियन्त्रणमा लिएको छ, अदालतबाट म्याद थप गरेर हिरासतमा राखिएको छ, अनुसन्धान जारी छ' भन्ने राखिन्छ भने यतिसम्मले व्यक्तिको वैयक्तिक हकलाई असर गर्छ जस्तो मलाई लाग्दैन। त्यो सूचना दिँदा अनुसन्धानमा यो व्यक्ति पनि छ भन्ने थाहा हुन्छ। अनुसन्धान अधिकारीले उसलाई गर्ने व्यवहार पनि के कस्तो हो भन्ने उसका आफन्तले थाहा पाउँछन्। आफन्त र कानुन व्यसायीसँग भेटघाटको वातावरण बन्छ।

अदालतबाट पक्राउ गर्न अनुमति लिइसकेपछि यो व्यक्तिलाई पक्राउ पुर्जी जारी गरियो भनेर सूचना दिने कुरालाई अहिलेको हाम्रो कानुनले वर्जित गर्छ। किनभने, पक्राउसम्बन्धी कार्यविधि संहिताले के भन्छ भने कुनै व्यक्तिलाई कुनै अभियोगको सिलसिलामा पक्राउ गर्न अदालतबाट पक्राउ पुर्जी लिइएको छ भने पक्राउ नपर्दासम्म त्यो कुरा गोप्य राख्नुपर्छ। त्यो प्रहरी र अदालत दुवैले गोप्य राख्नुपर्छ। यो व्यक्तिलाई पक्राउ पुर्जी जारी गरेर खोजिरहेका छौं भनी सूचना दिनुको पछाडि अभियुक्त भागोस् भन्ने उद्देश्य हुन सक्छ वा उसको बदनाम गर्ने पनि उद्देश्य हुन सक्छ।

गोप्य राख भनेर कानुनले भन्नुको पछाडि दुईवटा कारण छन्। १) पुर्जी जारी भएको कुरा थाहा नदिँदा अभियुक्त लुक्ने वा भाग्न सक्ने सम्भावना कम हुन्छ। २) यसो गर्दा अनुसन्धान निकायलाई पनि प्रतिकूल प्रभाव पार्न सक्छ।

पछिल्ला दिनमा अनुसन्धान अधिकारी यी कुरामा सचेत भएकोजस्तो मलाई लाग्छ। नभएको भए पनि यसमा सजग हुन जरुरी छ।

पक्राउ पर्नेबित्तिकै अभियुक्तलाई सार्वजनिक गर्दा अनुसन्धानमा समस्या पर्छ भन्ने त होइन। कतिपय कुरा कसुरको प्रकृति अनुसार पनि हुन्छ। ठुला क्राइम, सम्पत्ति शुद्धीकरण, क्रस बोर्डर इस्यु छन् भने त्यसलाई अलिकति त्यही रूपमा हेर्नुपर्ने पनि हुन्छ। होइन भने कानुनका आधारमा हेर्नुपर्छ। अपराध पीडित संरक्षण ऐन, वैयक्तिक गोपनीयता ऐनमा यी विषय स्पष्ट आएका छन्।

अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको व्यक्तिलाई लागेको कसुरको सम्बन्धमा अभियोगपत्र दायर नभएसम्म सार्वजनिक गर्न नहुने कानुनी व्यवस्था छ। तर अभियोग लागेको व्यक्तिको नाम र निजलाई लागेको अभियोगको विवरण वा सूचना भन्न पाइन्छ। अभियुक्तले के के बयान गऱ्यो, देख्ने साथीले के के भन्यो, अथवा मेडिकल रिपोर्टले के के भन्यो भन्ने विषयलाई बाहिर ल्याउनु हुँदैन।

विवरण गलत रूपमा सार्वजनिक गरियो भन्ने हिसाबले उजुरी गर्न सक्ने, त्यसको क्षतिपूर्ति भराउने व्यवस्थाहरू पनि छ, वैयक्तिक गोपनीयता ऐनको दफा ३० र ३१ मा। सम्बन्धित अदालतमा उजुर गरेर क्षतिपूर्ति दाबी गर्न पाउने व्यवस्था छ।

*(नायब महान्यायाधिवक्ता रेग्मीसँग रातोपाटीकर्मी दुर्गा दुलालले गरेको कुराकानीमा आधारित ।)*

# विद्यालय र क्याम्पसलाई सहयोग

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकाको एक विद्यालय र एक क्याम्पसलाई हेटौंडा-१५ चुरियमाईमा रहेको रिद्धिसिद्धि सिमेन्ट उद्योगले सहयोग गर्ने भएको छ। मनहरीस्थित महेन्द्र किरण माध्यमिक विद्यालय र मनहरी बहुमुखी क्याम्पसलाई सहयोग गर्ने भएको हो। उद्योगले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत आगामी ३ वर्षसम्म वार्षिकरुपमा महेन्द्र किरण माध्यमिक विद्यालयलाई ४ लाख रुपैयाँ र मनहरी बहुमुखी क्याम्पसलाई १ लाख रुपैयाँका दरले सहयोग गर्ने बताइएको छ। मनहरी ८ नम्बर वडा अध्यक्ष नारायण उप्रेतीको उपस्थितिमा उद्योगले विद्यालय र क्याम्पसलाई सहयोग गर्ने सहमति गरेको हो। सहयोग सम्बन्धी सम्झौता नै भएको छ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# हेटौंडा औद्योगिक क्षेत्रमा ४१ जनाले रक्तदान गरे



रक्तदान गर्दै रक्तदाता ।

समाज संवाददाता

हेटौंडाः औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको ६२ औं वार्षिकोत्सवको अवसरमा हेटौंडामा रक्तदान कार्यक्रम भएको छ। हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको आयोजनामा हेटौंडा औद्योगिक क्षेत्रस्थित कार्यालय परिसरमा भएको कार्यक्रममा ४१ जनाले रक्तदान गरेका छन्।

रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो। अहिले रगतको माग र वितरण व्यवस्थापन सहज रहेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले बताउनुभएको छ। हेटौंडा अस्पतालमा मिर्गौलाको डायलासिस गर्ने विरामीहरुका लागि 'ए' पोजेटिभ रगतको माग बढी भएकोले मागअनुसारको वितरण व्यवस्थापनका लागि भने बेला बेलामा अभाव हुने गरेको प्राविधिक सापकोटाले जानकारी दिनुभएको छ।

रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ।

- **कार्यक्षेत्र** : हेटौंडा उपमहानगरपालिका।
- **अनुभव** : आवश्यक छैन।
- **काम** : personal care, food supplement, clothes, grocery product हरुको प्रवर्द्धन गर्ने।
- **आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला।**



सेवा सुविधाहरू
- तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
- अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ।

सम्पर्क
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।


साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

सञ्चालनमा आयो
पशुपति ईभी चार्जिङ स्टेशन
हेटौंडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर



६ वटा चार्जिङ युनिटसहित
सम्पर्कः ९८५५०६८८७३

## इन्द्रसरोवरमा राष्ट्रपति रनिङ शिल्ड

# उपाधि महाचुली माविले जित्यो



*उपाधि साथ महाचुनी माध्यमिक विद्यालयको टिम ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा अन्तरविद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ । मंगलबारबाट इन्द्रसरोवर गाउँपालिकामा सुरु भएको अन्तरविद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता बिहिबार सम्पन्न भएको हो । इन्द्रसरोवर गाउँपालिका-२ स्थित हेभीचौरमा सम्पन्न भएको प्रतियोगिताको उपाधि इन्द्रसरोवर-५ स्थित महाचुली माध्यमिक विद्यालयले जितेको छ ।

७ स्वर्ण, ३ रजत र २ कास्य पदक प्राप्त गर्दै महाचुली उपाधि विजेता बन्दा २ स्वर्ण, ४ रजत र ३ कांस्य पदकसहित इन्द्रसरोवर-३ स्थित वात्सल्यदेवी माध्यमिक विद्यालय उपविजेता बनेको छ । यस्तै २ स्वर्ण, २ रजत र १ कास्यसहित कालिका माध्यमिक विद्यालय तृतीय भएको छ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि गाउँपालिकाले ७ लाख रुपैयाँ बजेट छुट्याएको थियो । गाउँपालिकामा रहेका २१ वटा विद्यालयहरुबाट ६ वटा माध्यमिक तहका विद्यालयबाट करिब २ सय ५० जना विद्यार्थीको प्रतियोगितामा सहभागिता रहेको थियो ।

प्रतियोगितामा महिला/पुरुष भलिबल, एथ्लेटिक्स लगायतका खेलहरु सञ्चालन भएका थिए । कक्षा-१२ सम्म अध्ययनरत १८ बर्षभन्दा कम उमेर समूहका विद्यार्थीको प्रतियोगितामा सहभागिता रहेको प्रतियोगितामा सहभागी विद्यार्थी तथा प्रशिक्षकको खेल अवधीभर निशुल्क खाना र खाजाको व्यवस्था गरिएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुलाई क्रमशः स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र वितरण गरिएको छ ।

एथ्लेटिक्स तर्फको प्रथम र द्वितीय हुने खेलाडीहरु मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुनेछन् । गाउँपालिकाको शिक्षा शाखा प्रमुख धर्मानन्द पन्तका अनुसार भलिबल खेलमा प्रथम खेलाडीहरुलाई समूहमा विभाजन गरेर जिल्लाको प्रतियागितामा सहभागी गराउने उहाँले बताउनुभयो । सम्पूर्ण पालिकाहरुले पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएर जिल्ला खेलकुद विकास समितिले जिल्लास्तरीय प्रतियोगिताको मिति तय गरेपछि बन्द प्रशिक्षणमा राख्ने उहाँले बताउनुभयो ।

गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीको सभाध्यक्षमा तथा संघीय सरकारका प्रमुख सचेतक मधेश कुमार बर्तौलाको प्रमुख आतिथ्यमा प्रतियोगिताको पुरस्कार वितरण तथा समापन समारोह भएको थियो । पुरस्कार वितरण समारोहमा गाउँपालिकाका उपाध्यक्ष, वडाध्यक्षहरुको उपस्थिति रहेको थियो । अन्य पालिकाहरुले पनि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको तयारीलाई अगाडि बढाइरहेको छ ।

# सहचालक साहको मृत्यु

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको खनियाबास गाउँपालिका-५, थुम्बुगाउँमा बोलेरो जिप आफैं अनियन्त्रित भई सडकबाट खस्दा बोलेरोका सहचालकको मृत्यु भएको छ । बुधबार बिहान ११ बजेर ५० मिनेटको समयमा थुम्बु बसला सडकखण्डमा नुवाकोटबाट किन्ताङफेदीतर्फ जाँदै गरेको प्र ३ ०१००२ च ७३०४ नम्बरको पसलको खुद्रा सामान बोकेको बोलेरो जिप आफैं अनियन्त्रित भई थुम्बुखोला सडकबाट २ सय मिटर तल खसेर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा चालक काभ्रेपलाञ्चोक मण्डल गाउँपालिका-४ घर भई हाल काठमाडौं जोरपाटी बस्ने ४५ वर्षीय राजन प्रसाद चौलागाई र सहचालक काठमाडौं जोरपाटीका २४ वर्षीय सुनिल साह घाइते भएका थिए । घाइते दुवैलाई उपचारका लागि त्रिशुली अस्पताल नुवाकोट लगिएकोमा दिउँसो ३ बजेर ३५ मिनेटको समयमा सहचालक साहलाई डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाकारी दिएको छ ।

## सिस्नेरीको एन्फा एकेडेमी हेटौंडामा सारियो

# सिमलटारमा नियमित प्रशिक्षण सुरु

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल फुटबल संघ (एन्फा) ले मकवानपुरको सिस्नेरीमा सञ्चालन गरेको एकेडेमी हेटौंडामा सारेर नियमित प्रशिक्षण सुरु गरेको छ । गत असोज दोस्रो साताको भारी वर्षापछि आएको बाढी, पहिरोका कारण ६ जना किशोर खेलाडीको मृत्युको घटनापछि एन्फाले सिस्नेरीको एकेडेमी हेटौंडा सारेको हो । हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीमा एन्फाले एकेडेमी स्थापना गरेर नियमित प्रशिक्षण सुरु गरेको हो । किशोर खेलाडीहरुले हेटौंडा-११, सिमलटारस्थित खेलमैदानमा नियमित प्रशिक्षण गर्नेछन् ।

हेटौंडा-११, थानाभन्याङस्थित सिमटार खेलमैदानमा एन्फा आवद्ध विद्यार्थीलाई प्रशिक्षण दिइरहेको मकवानपुर जिल्ला फुटबल संघका कोषाध्यक्ष अमृत लुङ्बाले जानकारी दिनुभएको छ । 'बि' क्याटागोरीको लाइसेन्स प्राप्त हेटौंडा फुटबल एकेडेमीका संस्थापक अध्यक्ष तथा प्रशिक्षक भीम लामा र सहायक प्रशिक्षक ज्ञानु मोक्तानले प्रशिक्षण दिने कोषाध्यक्ष अमृत लुङ्बाले बताउनुभयो । १४ वर्ष उमेर समूहका खेलाडीहरुलाई मंगलबार देखि प्रशिक्षण सुरु गरेको उहाँले बताउनुभयो । प्रशिक्षणमा २८ जना खेलाडी सहभागी छन् । एन्फा एकेडेमी सञ्चालन गर्नेगरी हेटौंडा एकेडेमी र एन्फाबीच एकेडेमी सञ्चालन गर्ने सहमति भएको बताउनुहुँदै कोषाध्यक्ष लुङबाले सर्वत्र आलोचना भएपछि एन्फाले एकेडेमी सारेको बताउनुभयो ।

एकेडेमीका प्रशिक्षार्थी किशोरहरु हेटौंडाका अनुपम घलान, इन्द्रसरोवर गाउँपालिका-३ का १३ वर्षीय दिवस बानियाँ, मकवानपुरगढी गाउँपालिकाका साइमन योन्जन, धादिङ जिल्लाका प्रियन्स आचार्य तथा मधेश प्रदेशको बारा जिल्लाका विकल रेग्मी, सर्लाही जिल्लाको लालबन्दी नगरपालिका-१७ का आदित्य बलम्पाकीको पहिरोमा परेर मृत्यु भएको थियो ।

# मानव कंकाल फेला

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१६, काभ्रे घाट केराघारीमा एक कंकाल फेला परेको छ । बुधबार दिउँसो ३ बजेको समयमा केराघारीमा मानव कंकाल फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । कंकाल फेला परेको सूचना पश्चात मुचुल्का सहितको प्रहरी टोली खटी गई प्रारम्भिक अनुसन्धान कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

# लडेर ठकुरीको मृत्यु

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको निलकण्ठ नगरपालिका-१०, ज्यामरुङमा बाटोबाट लडेर २५ मिटर तल खस्दा घाइते ४० वर्षीय पदमबहादुर शाही ठकुरीको मृत्यु भएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारी अनुसार बुधबार साँझ ६ बजेको समयमा ठकुरी आफ्नो घर नजिक रहेको गोरेटो सडक हिँड्ने क्रममा बाटोबाट २५ मिटर तल बारीमा खसेर घाईते भएका थिए ।

घाइते ठकुरीको जिल्ला अस्पताल धादिङबेशी सामान्य उपचार पश्चात थप उपचारका लागि बेलुका ७ बजेर ३० मिननेटको समयमा काठमाडौं रिफर गरिएको थियो ।

ठकुरीलाई टिचिङ अस्पताल मलेखु लगिएकोमा राती ८ बजेर ३० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# खेलकुद विकास समिति दोखलामा घिसिङ



*खेलकुद विकास समिति अध्यक्ष नियुक्त हुनुभएका घिसिङलाई नियुक्तिपत्र प्रदान गर्नुहुँदै सदस्य सचिव लामा ।*

समाज संवाददाता

हेटौंडाः जिल्ला खेलकुद विकास समिति दोलखाको अध्यक्षमा आशिष घिसिङ नियुक्त हुनुभएको छ । बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव दीपक लामाले घिसिङलाई खेलकुद विकास समितिको अध्यक्षमा बिहिबार नियुक्त गर्नुभएको हो ।

सदस्य-सचिव लामाले नवनियुक्त अध्यक्ष घिसिङ्लाई नियुक्तिपत्र पनि हस्तान्तरण गर्नुभएको थियो । प्रदेश खेलकुद विकास ऐन, २०७५ को दफा १२ उपदफा (१) तथा प्रदेश खेलुकद विकास नियमावली, २०७६ (संशोधनसहित) को नियम (३) उप नियम १ (क) मा भएको व्यवस्था बमोजिम ४ (चार) वर्षका लागि दोलखा जिल्ला खेलकुद विकास समितिको अध्यक्ष पदमा नियुक्त गरिएको सदस्य-सचिव लामाले बताउनुभएको छ ।

प्रदेश खेलकुद विकास परिषद्ले ४ जना बोर्ड सदस्य पनि नियुक्त गर्न बाँकी रहेको सदस्य-सचिव लामाले बताउनुभयो । उहाँले २ महिला र २ पुरुष सदस्य नियुक्त गर्नुपर्ने विधान रहेको बताउनुभएको छ । बागमती प्रदेशको चितवन, रामेछाप र नुवाकोट जिल्लामा खेलकुद विकास समिति अध्यक्ष नियुक्त गर्न बाँकी रहेको उहाँले बताउनुभयो । नयाँ समितिको कार्यकाल ४ वर्षको हुनेछ ।

# 'बी' डिभिजन लिग माघ १३ गतेदेखि

काठमाडौंः शहीद स्मारक 'बी' डिभिजन लिग आगामी माघ १३ गतेदेखि सुरू हुने भएको छ। अखिल नेपाल फुटबल संघले एक सूचना जारी गर्दै शहीद स्मारक 'बी' डिभिजन लिग माघ १३ गतेदेखि सुरु हुने जनाएको छ । साथै एन्फाले शहीद स्मारक 'बी' डिभिजन लिगमा सहभागी १४ क्लबहरूले यसअघिको लिगको बाँकी रकम बुझिलिएका जनाएको छ ।

क्लबहरूले एन्फाबाट प्रतिक्लब ६ लाख ५० हजार रुपैयाँ बुझिलगेका हुन् । यससँगै पुरानो लिगअन्तर्गत पाउनुपर्ने १२ लाख ५० हजारमध्ये बाँकी सम्पूर्ण दायित्व पूरा भएको छ । आगामी माघ १३ (जनवरी २६, २०२५)गतेबाट सुरु हुने नयाँ लिगको तयारी थालिएको छ । जसका लागि झापा फुटबल क्लब, प्लानिङ ब्वाइज युनाइटेड, श्रीभगवती क्लब, वीरगन्ज युनाइटेड, बाँसबारी क्लब, र श्रीकुमारी क्लबले तयारीको पहिलो किस्ताका रूपमा प्रति क्लब रु ८ लाख ७० हजार (१४,५०,००० को ६०%) रकम समेत बुझी लगेका छन् ।

**बुधबारे**

**बालसाहित्य**

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**

एनपीएल क्रिकेट मज्जा लिऔं




बुद्ध बार एण्ड रेष्टुरेन्ट
BUDDHA Bar & Restaurant
हेटौँडा-४, स्कूलरोड
Hetauda-4, School Road
buddhabar&restaurant
For Delivery 9802923576

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ